# नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौँ

**राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस** मनाउनका लागि गठित मूल समारोह समितिको बैठकको निर्णय सम्वन्धी

## प्रेस बिज्ञप्ती

आगमी २०७६ वैशाख १९ गते (मे २ तारिख) राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाउने सन्दर्भमा आज मिति २०७५।१२।१९ गते मंगलबार सञ्चार तथा सूचना प्रविधि सचिव श्री महेन्द्र मान गुरुङज्यूको संयोजकत्वमा गठित विभिन्न क्षेत्रका सदस्यहरु संलग्न रहेको मूल समारोह समितिको पहिलो बैठक बसी विगत वर्षहरुमा झै यो वर्ष पनि सूचना प्रविधि दिवस मनाउन विभिन्न उपसमितिहरु गठन गरियो ।जसमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिको छनौट गरी पुरस्कार तथा सम्मान प्रदान गर्न मन्त्रालयका सहसचिव श्री वीरेन्द्र कुमार मिश्रको संयोजकत्वमा ICT Award छनौट तथा सिफारिस उपसमिति, सूचना प्रविधि विभागका महानिर्देशक लक्ष्मी प्रसाद यादवको संयोजकत्वमा समारोह व्यवस्थापन उपसमिति तथा कम्प्युटर एशोसिएशन अफ नेपालका अध्यक्षको संयोजकत्वमा कार्यक्रम संयोजन उपसमिति गठन गरियो ।साथै उक्त दिवसलाई राष्ट्रव्यापी रुपमा मनाउन प्रादेशिक र स्थानीय तह, विश्वविद्यालय, विद्यालय, बैंकर्स एशोसिएशन तथा अन्य सूचना तथा प्रविधिसंग सम्वन्धित संघसंस्थाहरुमा समेत उपयुक्त कार्यक्रमहरु आयोजना गर्नका लागि सम्वन्धित निकायहरुमा अनुरोध गर्ने, ICT Day को प्रचार प्रसारको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रले Web site (www.ictday.gov.np) निर्माण र सूचना प्रविधि विभागले व्यवस्थापन गर्ने, सम्पूर्ण आमसञ्चारका माध्यमहरुलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग, महत्व र योगदान वारेमा प्रचार-प्रसार, लेख रचना तथा संवाद प्रकाशन तथा प्रसारण गर्न अनुरोध गर्ने, दिवसको अवसरमा सामाजिक सञ्जालहरुमा (Hashtag) #NepalICTDAY2019 प्रयोग गर्ने समेतका कार्यक्रमहरु गरी राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसलाई वृहत एवं भव्यताका साथ मनाउने निर्णय समेत गरेको छ ।

(ऋषिराम तिवारी)
सहसचिव एवं प्रवक्ता

२०७५ चैत १९ गते, मंगलबार